# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.स. २०८२।०८३ मिति २०८२।०४।२३
च.न.

**गणकका लागि आवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा राष्ट्रिय तथ्याङ्क कार्यालयको मिति २०८२।०४।०२, च.न.१९ को पत्र बमोजिम एशियाली विकास बैंकको TA-6596 अन्तर्गत यस नगरपालिकाको कुल ग्राईस्थ्य उत्पादन अनुमान गर्ने प्रयोजनार्थ प्रतिष्ठानहरुको सूचीकरण, गणना तथा सर्वेक्षण कार्यको लागि आवश्यक १२ (बाह) जना गणकका लागि तपसिल बमोजिमको सूचना प्रकाशन गरिदिन लेखी आएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यसैसाथ प्रकाशित सूचना वमोजिम ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

..............................
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि उपशाखा रत्ननगर नगरपालिका (सूचना वेभसाइटमा अपलोड गरिदिनुहुन)
श्री वडा कार्यालयहरु सवै (१-१६ रत्ननगर नगरपालिका) सूचना प्रवाह गरिदिनुहुन ।


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np


CamScanner

# करारमा जनशक्ति लिने सम्वन्धी सूचना

(सूचना प्रकाशित मिति: २०८२।०४।२२

स्थानीय तहको कुल गार्हस्थ्य उत्पादन (Local Gross Domestic Product-LGDP) अनुमानका लागि रत्ननगर नगरपालिकामा सञ्चालन गरिने प्रतिष्ठान गणना तथा सर्वेक्षणको सन्दर्भमा स्थलगत तथ्याङ्क सङ्कलन तथा लगत प्रशोधन कार्यका लागि तपशील बमोजिमका पद र संख्यामा करारमा व्याक्तिहरू लिई काम गराउनु पर्नु भएकोले तोकीएका योग्यता पुगेका इच्छुक नेपाली नगरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र.न.पा.का.धानमा दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी वा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

तपशिल

| सि.न | पद | माग संख्या | न्यूनतम योग्यता | छनौट विधि | करार अवधि |
|---|---|---|---|---|---|
| १ | गणक | १२ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०० पूर्णाङ्कको तथ्याङ्क वा गणित वा अर्थशास्त्र वा जनसंख्याशास्त्र विषयसहित प्रवीणता प्रमाणपत्र (१०+२) तह वा सो सरह उत्तीर्ण गरेको ।<br>• राष्ट्रिय तथ्याङ्क कार्यालय वा अन्य निकायमार्फत सञ्चालित गणना/सर्वेक्षणमा काम गरेको तथा CAPI प्रणाली प्रयोग गरिएको सर्वेक्षणमा अनुभव वा तालिम प्राप्त व्यक्तिलाई प्राथमिकता दिइने छ । | शैक्षिक योग्यता, अनुभव, स्थानीय बासिन्दा र अन्तरवार्ता । | बढीमा २ महिना |

दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:

१) आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३) अनुभवका प्रमाणपत्रहरु (यसै सूचनाको पुनश्चः मा उल्लेख छ) को प्रमाणित प्रतिलिपि ।

अन्य जानकारी

१) अन्तर्वार्ता: सम्पर्क मितिका दिन तोकिने छ ।

२) सम्पर्क मिति : पछि जानकारी गराइने छ ।

३) काम गर्नुपर्ने स्थान : रत्ननगर नगरपालिका भित्र ।

४) कामको विवरण : गणना तथा सर्वेक्षणको सन्दर्भमा स्थलगत तथ्याङ्क सङ्कलन तथा लगत प्रशोधन ।

५) उमेर: दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

६) सेवा शुल्क रकम : रा.प. अनं. द्वितीय श्रेणीको कर्मचारीको शुरु तलब स्केल ।

७) उम्मेदवारको शैक्षिक योग्यता, अनुभव र स्थानीय बासिन्दाका आधारमा कार्यालयले सर्ट लिस्ट तयार गरी अन्तर्वार्ताका लागि बोलाउने छ ।

पुनश्चः अनुभवको हकमा यस कार्यालयबाट संचालित नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, औद्योगिक गणना, आर्थिक गणना र वितरणात्मक व्यापार सर्वेक्षणमा काम गरे वापत १० अंक, अन्य गणना तथा सर्वेक्षणहरुका लागि ५ अंक र यस कार्यालय बाहेक अन्य संघ संस्थाहरुले संचालन गरेका गणना तथा सर्वेक्षणहरुका लागि ५ अंक प्रदान गरिनेछ । एकभन्दा बढी अनुभव पेश हुन आएमा ती अनुभवहरु मध्येबाट अधिकतम अंक प्राप्त गर्ने अनुभवलाई मात्र अंक प्रदान गरिनेछ ।

CS CamScanner